# स्थानीय राजपत्र

भाग-२ खण्ड ६ संख्या ६

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

## बालविवाह मुक्त अभियान संचालन निर्देशिका २०७९

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-२ संग सम्बन्धित)


बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ६, २०७९ असोज ०९


**भाग–२**

## बागलुङ नगरपालिका

## "बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०७९"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) बमोजिम बागलुङ नगरपालिका को कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन  रिएको छ।

बागलुङ नगरपालिका मा बालविवाह मुक्त अभियान संचालन गरि अन्तिममा बालविवाह मुक्त समाज निर्माण गरि बालअधिकारको संरक्षण र संवर्द्धन गर्न वान्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१)

ले दिएको अधिकार प्रयोग गरी बागलुङ नगरपालिका कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

## परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस निर्देशिकाको नाम : "बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०७९ रहेको छ ।

२. यो निर्देशिका कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(ख) **“ऐन"** भन्नाले बागलुङ नगरपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, ....... सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले बागलुङ नगरपालिका को कार्यपालिका सम्झनु पर्छ ।

(घ) **“प्रमुख/मेयर"** भन्नाले बागलुङ नगरपालिका को नगर प्रमुखलाइ सम्झनु पर्छ ।

(ङ) **"उपप्रमुख/उपमेयर"** भन्नाले बागलुङ नगरपालिका को नगर उपप्रमुखलाइ सम्झनु पर्छ ।

(च) “कार्यपालिका सदस्य" भन्नाले बागलुङ नगरपालिका का कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागलुङ नगरपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) पीडित' भन्नाले वेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(झ) समिति' भन्नाले यस नगरपालिकाको कुनै कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ज) "बालविवाह' भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै विवाहलाई सम्झनु पर्छ।

(ट) "वडा अध्यक्ष* भन्नाले बागलुङ नगरपालिका अन्तरगतका वडाहरुका अध्यक्ष लाई सम्झनु पर्दछ ।

(ठ) वडासदस्य" भन्नाले बागलुङ नगरपालिका अन्तरगतका बडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

("कार्यपालिका सदस्य" भन्नाले बागलुङ नगरपालिकाको कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ।

(ड) "सामाजिक संस्था' भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ) "निजी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ।

## परिच्छेद — २

## कार्यविधिको उद्देश्यः

४. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

५. बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

६. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

## परिच्छेद — ३

## बालविवाह मुक्त पालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया

७. बडा/ पालिकाको वार्षिक रुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन गर्ने,

८. बालविवाहको तथ्यांकको आधारमा बालविवाह हुने वस्ती, टोल समुदाय र वडालाई कार्यक्रम केन्द्रित गर्ने ।

९. पालिका तथा बडास्तरमा बाल विवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु बीच तथा सर्वदलीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।

१०. पालिका वडास्तरीय सरोकारवालाहरु बीचको बैठकमा बाल विवाह मुक्त नगर र बडा घोषणा गर्न आधारभूत सुचक माथि छलफल गर्ने ।

११. पालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटमा रही पालिका स्तरीय बाल अधिकार समिति वा बालमैत्री स्थानीय शासन नगर समिति मार्फत बालविवाह मुक्त वडा र पालिकाको लागि बार्षिक कार्ययोजना निर्माण गरी विभिन्न बस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालीम , र्याली, अभिममुखीकरण, सडक नाटक तथा अन्तक्रिया आदि जस्ता कार्यक्रम संचालन गर्ने ।

१२. पालिका तथा वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन वडा समिति, टोल विकास समिती, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी प्रशासन, स्थानीय संघ संस्था, बालक्लव,

विद्यालय, स्थानिय धामी झाँक्री समुह, महिला समुह, निगरानी समुह, किशोरी क्लब, युवा क्लब, महिला सहकारी संस्था र धार्मिक गुरुहरु मार्फत घरदैलो अभियान संचालन गर्ने ।

१३. पालिका स्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बाल अधिकार समिति, टोल विकास समिती, बालक्लब, किशोरी क्लब, धार्मिक गुरु, धामीझांकी समुह, महिला संजाल, लगायतका सरोकारवालाहरु बीच सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने ।

१४. पालिकालाई बाल विवाह मुक्त घोषणा लागि बालमैत्री स्थानीय शासन नगर समिति तथा पालिकास्तरीय बाल अधिकार समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बाल विवाह मुक्त घोषणाका लागि बालमैत्री स्थानीय शासन वडा समिति तथा बडास्तरीय बाल अधिकार समितिको निर्णय अनुसार स्थानीय शासन नगर समिति तथा पालिकास्तरीय बाल अधिकार समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट निर्णयानुसार बाल विवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरि विभिन्न तयारी उपसमितिहरु निर्माण गरिने ।

१५. बालविवाह मुक्त पालिका घोषणाका निम्ति स्थानिय रेडियो, टेलिभिजन, अनलाईन मिडिया र पत्रिकाहरुसंग साझेदारीका लागि प्रचार प्रसार गर्ने ।

१६ स्थानिय धार्मिक गुरु, धामीझाँक्री तथा ज्योतिषीहरु मार्फत आजको दिनदेखी २० वर्षभन्दा मुनीका बालवालीकाहरुको

विवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिबद्धता गराउने ।

१७. बागलुङ नगरपालिका  स्थानीय प्रहरी कार्यालय संग समन्वय गर्ने र बालविवाह नगराउनका लागि  जनजागरण तथा अन्तक्रियाका साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

१८. बालविवाह मुक्त वडा र पालिका घोषणा कार्यक्रमका लागि विभिन्न स्थानिय सांस्कृतिक झलक र बाजागाजाहरु सचेतनामुलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने।

१९. बालविवाह मुक्त वडा र पालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त पालिका वडामा सहयोग पुर्याउने व्यक्ति, संघ संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

२०. बाल विवाह मुक्त वडा घोषणाका लागि बडाको बाल अधिकार समितिले तथा पालिका बाल विवाह मुक्त घोषणाका लागि पालिकास्तरीय बाल अधिकार समितिले नेतृत्व भुमिका निर्वाह गर्ने ।

२१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहकाविषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने । २२.बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका वालवालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

२३. बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने।

## परिच्छेद -४

## वडा र पालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरु

२४. वडा र पालिकामा विवाह गर्ने उमेर अनुसार विवाह भएको तथ्यांक चुस्तदुरुत अभिलेख भएको हुनु पर्नेछ ।

२५. पालिकामा बाल संरक्षण सयन्त्र बनेको, (बाल अधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बाल विवाह अन्त्य सम्बन्धी रणनीतिक योजना तथा बाल संरक्षण नीति बनेको, बाल संरक्षण सम्पर्क व्यक्ति तोकेको हुनु पर्ने

२६. बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

२७. पालिकाले बाल संरक्षण नीति बनाई लागु गरेको हुनु पर्ने ।

२८. वडास्तरीय र पालिकास्तरीय बाल अधिकार समिति क्रियाशिल भएको हुनु पर्ने ।

२९. पालिकास्तरमा भएका समुदायमा आधारित संस्था समिति समूहहरु बाल विवाह विरुद्धमा सक्रिय क्रियाशिल भएका हुनु पर्ने।

३०. बालविवाह विरुद्ध उजुरी दिने गरेको हुनु पर्ने ।

३१. लमी वडघर मौलाना पाष्टर पुरोहित आदिले बाल विवाह गराउन छाडेको हुनु पर्ने ।

३२. बाल विवाहको जन्ती/भोज भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।

३३. बालबालिका र अभिभावकहरुलाई बाल विवाहका बिषयमा सचेत गराई बाल विवाह हुन नदिने कदम कदाचित भएमा कानुनी प्रक्रिया अवलम्बन गरेको हुनु पर्ने र बालबालिकाको स्वैच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकलाई जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक गृहमा राखि सेवा प्रदान गरेको हुनु पर्ने ।

३४. बाल विवाह मुक्त वडा घोषणा गर्नको लागि बडाको बार्षिक तथ्यांक अनुसार जम्मा विवाह मध्ये उमेर पुगी गरेको विवाहको तथ्यांक १००% प्रतिशत हुनु पर्ने ।

३५. पालिकालाई बालविवाह मुक्त घोषणा गर्नकालागि १०० प्रतिशत बडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने।

३६. पालिका तथा वडामा अनिवार्य विवाहदर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छद — ५
## खर्च र लेखापरीक्षण

३७. बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्त भएको रकम

खर्चको प्रचलित कानुन बमोजिम आय व्यब विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ ।

## परिच्छद — ६
## प्रतिवेदन पेश गर्नुपर्ने

३८. बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छद — ७
## सरोकारवालाहरुको भुमिका

३९. जन्मदर्तालाई बाल बालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

४०. न्याय प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरोकारवालाहरु प्रतिबद्ध हुदै सहयोग गर्ने ।

४१. विद्यालय, समदाय एवम् सम्पूर्ण सार्वजनिक स्थलमा बाल संरक्षण सम्बन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने।

४२. बाल विवाह विरुद्धको अभियानमा सम्बन्धित निकायसंग सहकार्य गरी बाल विवाह निषेध गर्न सहयोग गर्ने।

४३. सबै सरकारी तथा गैसरकारी संघ संस्थाहरुले आ आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बाल विवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप संचालन गर्ने ।

४४. वाल विवाह सम्बन्धि घट्नाको स्थलगत अनुगमन पछि प्रतिबेदन तयार गरी बाल अधिकार समिति मार्फत कारबाहीका लागि सिफारिस गर्ने ।

४५. पालिका स्तरीय बाल अधिकार समितिको अगुवाईमा बाल बिबाहसम्बन्धी पालिकास्तरीय रणनैतिक योजना निर्माण गरी लागू गर्ने।

४६. बाल विवाह मुक्त वडा र पालिका घोषणा पश्चात पनि समुदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छद — ८
## विविध

४७. यस निर्देशिकामा लेखिएको कुरामा यसै वमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

४८. बाधा अडकाउ फुकाउने अधिकार : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या

गर्ने अधिकार बागलुङ नगरपालिकाको कार्यपालिकालाई हुनेछ।

४९. संशोधन : यस कार्यविधिमा आवश्यकता अनुसार कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

५०. विविधः बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बालविवाह अन्त्यका लागि राष्टिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

**समाप्त**